*यस तमानखोला गाउँपालीका गाउँकार्यपालीकाको मिति २०७५।०४।२५ गतेको बैठकका निर्णयहरु :*

**१.गरिवि परिचयपत्र वितरण सम्वन्धमा**

**२.व्यापार व्यवसाय दर्ता सम्वन्धमा**
**३.बालुवाको विक्री कर सम्वन्धमा**
**४. विद्यालयहरुमा जंक फुड नियन्त्रण सम्वन्धमा**
**५.जाड रक्सी लगायत समाजमा असर पार्ने लुडो तथा खुत्रुके नियन्त्रण सम्वन्धमा**
**६.माछा मार्ने कार्यलाई व्यवस्थीत गर्ने सम्वन्धमा सम्वन्धमा**
**७.कार्यादेश विना काम गरेको भुक्तानी नदिने सम्वन्धमा सम्वन्धमा**
**८. निजी शिक्षक व्यवस्थापन सम्वन्धमा सम्वन्धमा**
**९. आर्थीक सहयोग सम्वन्धमा**

निर्णय न. १: यस तमानखोला गाउँपालीका अर्न्तगत भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मंत्रालयद्धारा पहिचान भएका गरिवहरुलाई परिचयपत्र वितरण कार्यक्रम गर्नुपर्ने भएकोले प्रत्येक वडाहरुमा गई परिचयपत्र वितरण गर्ने र सो का लागी व्यापक रुपमा सुचना प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरियो । साथै प्रत्येक वडाहरुमा गरिव परिचयपत्र वितरण गर्दा वडाका सवै प्रतिनिधिहरुले सो अवधिभर कर्मचारीसगैं रहेर सहयोग तथा वास्तविक गरिवलाई मात्र परिचयपत्र दिने निर्णय गरियो । साथै गरिब घरपरिवार परिचयपत्र कार्यविधि २०७४ दफा १३ उपदफा ५ बमोजीम परिचयपत्र वितरण कार्यलाई सुव्यवस्थीत, सरल र प्रभावकारी गराउन गरिव घरपरिवार परिचयपत्र वितरण समिति तपशिल बमोजीम गठन गर्ने निर्णय गरियो ।

- गाउँपालिकाका अध्यक्ष : अध्यक्ष
- सम्वन्धीत स्थानिय तहको वडा अध्यक्ष वा निजले तोकेको सदस्य : सदस्य
- स्थानयि तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको प्रतिनिधि : सदस्य सचिव

**साथै निम्न मितिमा तपशलि बमोजीमका वडाहरुमा गरिव घरपरिवार परिचयपत्र वितरण गर्ने निर्णय गरियो ।**
मिति २०७५साउन २८ र २९ गते वडा नं. १ वडा कार्यालय ।
मिति २०७५साउन ३० र ३१ गते वडा नं २ वडा कार्यालय ।
मिति २०७५ भाद्र १ गते वडा नं ३ वडा कार्यालय ।
मिति २०७५ भाद्र २ गते वडा नं ४ वडा कार्यालय ।
मिति २०७५ भाद्र ७ गते वडा नं ५ वडा कार्यालय ।
मिति २०७५ भाद्र ८ गते वडा नं ६ वडा कार्यालय ।

निर्णय न. २: यस तमानखोला गाउँपालीका अर्न्तगत व्यापार व्यवसाय दर्ता हालसम्म पनि व्यापक रुपमा हुन नसकेकोले हालसम्म दर्ता हुन नसकेका व्यापार व्यवसायहरुलाई तुरुन्त अ आफनो वडामा गई दर्ता गर्ने सम्वन्धी सुचना प्रकाशन प्रशारण गर्ने र सवैलाई करको दायरामा ल्याउने निर्णय गरियो । साथै गाउँपालीकाले आवश्यक अनुगमन गरि व्यवस्थीत गर्ने निर्णय समेत गरियो ।

निर्णय नं ३: यस तमानखोला गाउँपालीका अर्न्तगत बालुवा, ढुगां गिट्टी सम्वन्धी कर प्रदेशले तोक्ने गाउँपालीकाले उठाउने कानुनमा व्यवस्था भएतापनी हालसम्म त्यस्तो व्यवस्था प्रदेशले गरेको भन्ने जानकारीमा नआएकोले सो व्यवस्था नहुन्जेलसम्मका लागी तपशिल बमोजीम कर लगाउने भन्ने निर्णय सर्वसहमतिवाट पारित गरियो ।

तपशिल

बालुवा प्रतिवोरा रु. २ ।

गिट्टी प्रतिवोरा रु. २ ।

ढुगां प्रतिट्याक्टर रु. २०० ।

निर्णय नं ४: यस तमानखोला गाउँपालीका अर्न्तगतका विद्यालयहरुमा जकंफुड पूर्ण रुपमा निषेध गनुपर्ने भएको, स्वास्थ्यका दृष्टीकोणले समेत जंकफूड निकै घातक भएको र मानव स्वास्थ्यमा नराम्रो असर गर्ने भएकोले अव यहि मिति २०७५भाद्र १ गतेदेखि लागुहुने गरि विद्यालयहरुमा जकं फुड पूर्ण रुपमा निशेष गर्ने निर्णय भएकोले अव आइन्दा त्यस्तो भएको पाइएमा जंक फुड प्रयोग गर्ने विद्यार्थीलाई प्रतिपटक सो विद्यालयले प्रयोग गरेवापत रु. १०० एक सय मात्र जरिवाना गर्ने र सो सम्वन्धमा वेवास्ता गर्ने विद्यालयलाई गाउँपालीकाबाट प्रदान गर्ने अनुदान लगायतका सेवा सुविधाहरु घटाउने निर्णय समेत सर्वसहमतिले गरियो ।

निर्णय न. ५: यस तमानखोला गाउँपालीका अर्न्तगतका जनताको जिवनमा अमनचयन तथा शान्ती कायम गर्नु गाउँपालीकाको जिम्मेवारी भएकोले अव आइन्दा दिनहरुमा यस गाउँपालीका अर्न्तगत १८ बर्ष मुनिका बालबालिकाहरुलाई मादक पदार्थ, खैनि सूर्ती बेच्न नपाउने र मादक पदार्थ बेचविखन गर्ने समय बेलुका ६ बजेदेखि ९ बजेसम्म मात्र हुने गरि निर्णय गरियो, सो गरेको पाइएमा नियमानुसार कडा भन्दा कडा कारवाहि गर्ने, साथै यस गाउँपालीका अर्न्तगत जाडँ रक्सी खाएर दिउसै वाटामा हिडने, अरुलाई असर गर्ने कार्य गरेको पाइएमा तपशिल बमोजीम कारवाहि गर्ने निर्णय गरियो ।

- जनप्रतिनिधि , शिक्षक ,प्रहरी, कर्मचारी भएमा प्रतिपटक रु. ५०००। - पाचं हजार मात्र )
- सर्वसाधारण प्रतिपटक रु. ३००० - तिन हजार मात्र )
  सो का लागी नेपाल प्रहरीलाई जिम्मा दिने, गाउँपालिकाले रसिद उपलब्ध गराउने प्रहरीले रसिद काटी मासिक रुपमा गाउँपालीकामा उपलब्ध गराउने र सो बापत उठेको राजस्व मध्ये ४० प्रतिशत प्रहरीलाई प्रोत्साहन स्वरुप दिने र बाकीँ गाउँपालीकाले जम्मा गर्ने । साथै जुवा तास,लुडो तथा खुत्रुके खेलाइएको पाइएमा खेल्ने खेलाउने दुवैलाई माथीकै बमोजीम कारवाहि गर्ने निर्णय पनि सर्वसहमतिले गरियो ।

निर्णय न. ६: यस तमानखोला गाउँपालीका अर्न्तगतका खोलाहरुमा जथाभावी करेन्ट लगाई गैरकानुनी तरिकाले पारिस्थीतिक प्रणाली समेत खल्वलाउने गरि माछा मार्ने गरेको भन्ने सुनिन आएकोले अव आइन्दा यस तमानखोला गाउँपालीका अर्न्तगतका खोलामा कुनै पनि प्रकारले करेन्ट लगाई तथा विष हालेर माछा लागयत अन्य जलचर प्राणीहरु मार्न नपाइने निर्णय गरियो, साथै करेन्ट लगाउने व्यक्ती तथा गिरोहलाई तुरुन्त खोजी कानुनबमोजीम कडा भन्दा कडा कारवार्ही गर्ने निर्णय गरियो । साथै खोलामा माछा मार्नेलाई यस आ.व.का लागी तपशिल बमोजीम कर लगाउने निर्णय गरियो ।

(क) बल्छी खेल्नेलाई एक आ.व.मा  रु.१०० ।

(ख) जाल हान्नेलाइ एक आ.व. मा रु. १००० ।

(ग) पासा हान्नेलाई एक आ.व.मा रु. ५००।

(घ) ट्रिप हान्नेलाई एक आ.व.मा रु. १००

निर्णय न.७: यस तमानखोला गाउँपालीका अर्न्तगत विगत वर्षमा मौखिक आधारमा विकास निमार्ण कार्य भएको र पछि भुक्तानी कार्यमा समस्या उत्पन्न भएकोले अव  आइन्दा जिम्मेवार पदाधिकरी गाउँपालीका अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतको लिखित कार्यादेश विना भएका कुनै पनि कार्यको भुक्तानि नगर्ने निर्णय सर्वसहमतिले गरियो ।

निर्णय न.८: यस तमानखोला गाउँपालीकाको शैक्षिक गुणस्तर सुर्धानका लागी यस गाउँपालीका अर्न्तगतका विद्यालयमा निजि शिक्षकको आवश्यकता र औचित्य पहिचानका लागी यस गाउँपालीका अर्न्तगतका सम्वन्धीत विद्यालयमा गई आवश्यक कार्य गर्नका लागी तपशिल बमोजीमको समिति गठन गर्ने निर्णय गरियो ।

(क) प्रमुख प्रशासकिय अधिकृत - संयोजक

(ख) सामाजीक विकास समिति संयोजक -सदस्य

(ग) सम्वन्धीत वडाको वडा अध्यक्ष -सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं ९: यस तमानखोला गाउँपालिका अर्न्तगत विभिन्न मितिहरुमा विभिन्न घटना तथा दुर्घटनामा परेका परिवारहरुलाई तपशिल बमोजीमको आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

(क) च्याउ खाएर मृत्यु भएका मनोज पुनको परिवार : रु २५,०००। अक्षरुपी पच्चीस हजार मात्र)

(ख) च्याउ खाएर विरामी हुनुभएका लिल ब.पुनलाई : रु. १०,०००।  अक्षरुपी दश हजार मात्र )

(ग) भिरवाट खसेर छोराको मृत्यु हुनुभएका होम ब.घर्तीलाई : रु. २५,००० । -अक्षरुपी पच्चीस हजार मात्र  )

(घ) आगालागी भई घर पूर्ण रुपमा क्षति हुनुभएका तनिमा घर्तीलाई : रु. १०,००० -अक्षरुपी दश हजार मात्र )

(ङ) घरको आधा भाग भत्कीएका थम बहादुर कामीलाई :रु. ७,०००। -अक्षरुपी सात हजार मात्र ) ।